नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
☎ ०९१-५२११०१ 🖷 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी,कैलाली

प.सं. ०८२।८३
च.नं.

(स्थानीय प्रशासन शाखा)

मिति:- २०८२।१२।२४
ने.सं. ११४६

## कार्यक्रम सञ्चालनको पूर्व स्वीकृति लिने सम्वन्धी सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीयस्तरमा सञ्चालन हुने सभा, समारोह, परम्परा तथा जात्रा, चाडपर्व व्यवस्थापन लगायतका विषयहरू समावेश गरिएको छ । सोही सन्दर्भमा कतिपय कार्यक्रमहरू पूर्व स्वीकृति नलिई तथा स्थानीय प्रशासनलाई जानकारी नदिई सञ्चालन गरिएको पाइएको हुँदा यस जिल्लाभित्र आयोजना हुने कुनै पनि सभा, समारोह, प्रदर्शन, मेला, जात्रा, कन्सर्ट, सांगितिक तथा सांस्कृतिक कार्यक्रमहरूका लागि अनिवार्य रूपमा सम्बन्धित स्थानीय तहबाट स्वीकृति प्राप्त गरी आवश्यक शान्ति सुरक्षा व्यवस्थापनका लागि तपशिलमा उल्लेखित शर्त तथा आवश्यक कागजातसहित यस कार्यालयमा निवेदन पेश गरी प्रचलित कानूनको पालना गर्न/गराउन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

**तपशित:-**

१. कार्यकम अवधिभर आवश्यक, शान्ति सुरक्षाको व्यवस्थापनका लागि कार्यकम आयोजकको नाम र सम्पर्क नं. कार्यक्रम सञ्चालन हुने मिति, स्थान, सुरु हुने र समापन हुने समय, सहभागी संख्या समेत स्पष्ट खुलाई यस कार्यालयलाई सम्बोधन गरिएको आधिकारिक पत्र/निवेदन ।
२. सम्बन्धित स्थानीय तह (नगरपालिका/गाउँपालिका)बाट कार्यक्रम संचालनको अनुमति प्राप्त भएको प्रमाण ।
३ ध्वनी प्रदुषण नहुने र छिमेकीबाट गुनासो नआउने गरी राती १०:०० वजेसम्म मात्र सञ्चालन गर्ने ।
४ कार्यक्रमको प्रकृति अनुसार आन्तरिक कम्पाउण्ड भित्र र वाहिरको सुरक्षा प्रवन्ध आयोजकल नै मिलाउने ।
५ शान्ति सुरक्षा र अपराध घटनाको जिम्मवारी आयोजक नै हुने ।
६ कार्यक्रममा सहभागी हुने व्यक्ति/समूहबाट हुन सक्ने आपराधिक कृयाकलापको जिम्मा आयोजकको नै हुने ।
७ नजिकको सुरक्षाकर्मी/सुरक्षा निकायसँग समन्वय गर्ने ।

(शिवराज जोशी)
प्रशासकीय अधिकृत